# मधेश प्रदेशसभाको ८ औं वार्षिकोत्सवमा प्रदत् शुभकामना सन्देश



मधेश प्रदेश सभाको ८ औँ स्थापना दिवसको पावन अवसरमा म सम्पूर्ण प्रदेशवासी दिदीवहिनी तथा दाजुभाइहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकार, कर्मचारीवर्ग, संचारकर्मी मित्रहरु तथा लोकतंत्रका लागि योगदान पुर्यादउनु हुने सबैप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु।

संघीय लोकतान्त्रिक गणतंत्र नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको संघीय व्यवस्थाको कार्यान्वयन संगै मधेश प्रदेश सभाको स्थापना र संचालन भएको हो। यो आठ वर्षको यात्रामा प्रदेश सभाले जनताको सार्वभौमिकतालाई संस्थागत गर्दै कानून निर्माण, सरकारलाई मार्गदर्शन तथा निगरानी गर्ने संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आएको छ।यस क्रममा हामीले उपलब्धि मात्र होइन, चुनौतीहरुबाट पनि धेरै सिक्ने अवसर प्राप्त गरेका छौं।

मधेश प्रदेश विविधता, श्रमशीलता र सम्भावनाले भरिपूर्ण प्रदेश हो। कृषि, व्यापार, उद्योग, शिक्षा, पर्यटन, स्वास्थ्य तथा पूर्वाधार विकास, समावेशिता आदिको क्षेत्रमा प्रदेश सभावाट बनेका नीतिहरु र कानूनहरुले जनताको जीवनस्तर सुधारमा ठोस योगदान पुर्याउने अपेक्षा गरिएको छ। प्रदेश सभाले सदैव समावेशिता, सामाजिक न्याय, सुशासन र विकासलाई केन्द्रमा राखेर काम गर्नुपर्दछ भन्ने हाम्रो साझा दायित्व हो।

अन्त्यमा, मधेश प्रदेश सभाको ८ औं स्थापना दिवसले संघीयता सुदृढीकरण, लोकतांत्रिक मूल्य-मान्यताको संरक्षण तथा समृद्ध मधेश प्रदेश निर्माणका लागि उर्जा र प्रतिवद्धता प्रदान गरोस भन्ने कामना गर्दछु।

धन्यवाद !

Ashiq

**राम अशिष यादव**

सभामुख

मधेश प्रदेश सभा

जनकपुरधाम